"पाँचखाल नगर-कृषि सहर"
पाँचखाल नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

पत्र सङ्ख्या : २०८२।८३
चलानी नं. :

पाँचखाल, काभ्रेपलाञ्चोक
बागमती प्रदेश, नेपाल

## निःशुल्क घाँसको बिउ वितरण कार्यक्रमको लागि प्रताव आह्वान सम्बन्धी सूचना

सूचना न:

प्रथम पटक प्रकाशित मितिः २०८२/०५/२२

प्रस्तुत विषयमा यस पाँचखाल नगरपालिकाको आ.व.२०८२।०८३ को वार्षिक स्वीकृत पशु आहारा व्यवस्थापनको लागि घाँसको बिउ वितरण कार्यक्रम अन्तर्गत मिति २०८२/०५/२० गते बसेको नगर कार्यपालिकाको निःशुल्क घाँसको विउ वितरण गर्ने निर्णय बमोजिम यस नगरपालिका भित्रका इच्छुक पशुपालक कृषक समूह,सहकारी, निजी फर्म र व्यावसायिक कृषकहरुले यो सूचना प्रकाशन भएको मितिले १५ दिन(२०८२/०६/०५ गते) भित्र पशु सेवा शाखामा तपसिलका कागजातहरु साथ आवश्यक मात्रामा जै/बर्षिम घाँसको विउ माग गर्न आवेदन पेश गर्नुहुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । साथै रित नपुगेको वा म्याद नाघि आएका प्रस्तावहरु कार्यक्रममा समावेश नहुने व्यहोरा समेत अनुरोध छ ।

आवेदन साथ तपसिल अनुसारका कागजातहरु संलग्न गर्नुपर्नेछ ।

१. व्यक्तिगत निवेदन ।
२. नेपाली नागरिकताको प्रमाणपत्र ।
३. सम्बन्धित वडा कार्यालयको सिफारिस (प्रति रोपनी बर्षिम १-१.२५ के.जी, जै ५-६के.जी ) ।
४. दर्तावाला फार्मको हकमा प्रमाणपत्रको प्रतिलिपि ।
५. समूह/सहकारीको हकमा प्रमाणपत्र र निर्णय माईनुटको प्रतिलिपि ।
६. जग्गा लालपुर्जाको प्रतिलिपि ।

पुनश्चः कार्यक्रम सञ्चालन सम्बन्धि अन्य जानकारीको लागि पशु सेवा शाखामा सम्पर्क गर्नु अनुरोध छ ।

२०८२।०५।२२

पुरुषोत्तम सापकोटा
प्रमुख प्रशासकीय अधिकृत

पुरुषोत्तम सापकोटा
प्रमुख प्रशासकीय अधिकृत

फोन नं.: ०११-४९९४१४,इमेल: panchkhal.municipality@gmail.com, info@panchkhalmun.gov.np वेबसाइट: https://www.panchkhalmun.gov.np